# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम

# पाठ ३

## ख्रीष्टमा नयाँ जीवन कस्तो छ?

### क – नयाँ जीवन एउटा बाटो हो

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''साँघुरो ढोकाबाट भित्र पस; किनकि विनाशमा पर्‍याउने ढोका फराकिलो, र बाटोचाहिँ चौड़ा हुन्छ, अनि त्यसबाट भित्र पस्नेहरू धेरै हुन्छन्। किनभने जीवनमा पुर्‍याउने ढोका साँघुरो, र बाटोचाहिँ अप्ठ्यारो हुन्छ, अनि यो भेट्टाउने थोरै हुन्छन्।''  मत्ती ७:१३-१४**

जब हामी प्रभु येशूमाथि विश्वास गर्ने निर्णय लिन्छौं, तब हामीले यो एउटा कुरा बुझ्नुपर्छ – प्रभु येशूमाथि विश्वास गर्नु एउटा नयाँ बाटो हिँड्नुजस्तो छ। हामीले विश्वास गरेका प्रभुको पछि लाग्नु छ। हामीले उहाँको इच्छा जान्नुपर्छ। उहाँको चेला भएपछि हामीले प्रभुको सेवा र आदर गर्नुपर्छ। पहिलो हामी पापको बाटो हिँड्दै थियौं र विनाशतिर गइरहेका थियौं। तर अब प्रभु येशूकहाँ फर्केपछि र प्रभुबाट मुक्तिको दान अर्थात् पापको क्षमा पाएपछि हामीले पापको बाटो छोड़ेर जीवनको बाटोमा प्रवेश भयौं। अब हामीले यो नयाँ बाटोमा हिँड्न सिक्नुपर्छ र लक्ष्यतिर अघि बढ्नुपर्छ। हामीले ढिलो गर्ने कुनै कारण छैन; दोधारमा बस्ने समय पनि छैन। किनभने हाम्रो सामु छान्नलाई दुईटा बाटा मात्र छन्। कि त हामी फराकिलो बाटो अर्थात् विनाशमा पुर्‍याउने बाटोमा, कि त साँघुरो बाटोमा अर्थात् जीवनमा पुर्‍याउने बाटोमा हिँड़िरहेका छौ। अरू बाटै छैन। तब के हामीले यो कुरा जानेर पनि फेरि पुरानो पापको बाटोमा लाग्ने त? कदापि होइन; तर आओ, हामी प्रभु येशूको साथ जीवनको बाटोमा हिँड़ौं र परमेश्वरको अनन्त राज्यभित्र प्रवेश गरौं।

### अ – विनाशको बाटोमा

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''कुनै बाटो मानिसलाई सीधा लाग्छ, तर त्यसैले पो मृत्युमा पुर्‍याउँछ।''  हितोपदेश १४:१२**

यस संसारमा दिनप्रतिदिन हामी सबै यात्रा गरिरहेका छौं। तर यस यात्राको निशाना कहाँ हुने हो, सो हामीमध्ये कतिले जान्दैनौं र यस गम्भीर विषयबारे विचार पनि गरेका छैनौं। तर तपाईं आफै भन्नुहोस् – यदि बसमा तपाईंसँगै बस्ने यात्रीलाई 'हे साथी, तपाईं कहाँ जाँदै हुनुहुन्छ? भनी तपाईंले सोध्दाखेरि उसले 'कुन्नि, मलाई थाह छैन' भन्यो भने के तपाईंले उसलाई मूर्ख सम्झनुहुनेथिएन र? ठीक त्यस्तै हामी यस

मानिसलाई सम्झन्छौं, जसले आफ्नो भविष्यको विषयमा 'कहाँ पुग्ने हो?' सोच्दैन। कुरा गम्भीर छ; किनभने जुन निशानामा हामी एकचोटि पुग्छौं, त्यहाँबाट हामी कहिल्यै फर्कन पाउनेछैनौं। यसकारण प्रिय मित्र, तपाईं कहाँ जाँदै हुनुहुन्छ, के यो कुरा तपाईंलाई थाह छ? हामीलाई प्रेम गर्नुहुने परमेश्वर आफै हाम्रो मार्गदर्शक हुन चाहनुहुन्छ। उहाँले पवित्रशास्त्र बाइबलद्वारा हामी कुन बाटोमा, स्वर्ग जाने बाटोमा कि नरकमा पुर्‍याउने बाटोमा हिँड्रिरहेका छौं, सो स्पष्ट रूपले हामीलाई देखाउनुहुन्छ। यसैले यो कुरा बुझिलिनुहोस् – साँघुरो ढोकाभित्र नपस्नेहरू सबै विनाशको बाटोमा छन्। जन्मदेखि मानिसहरू त्यही बाटोमा हिँड्छन्। त्यसमा प्राय: सबै हिँड्ेका हुनाले उनीहरूलाई त्यो बाटो ठीक लाग्छ; तर त्यही बाटो उनीहरूलाई मृत्युमा पुर्‍याउँछ भन्ने कुरा ख्याल गर्दैनन्। यसकारण अरूले जस्तो धोकामा नपर्नुहोस्, तर प्रभु येशूको आज्ञा मानेर साँघुरो ढोकाभित्र पस्नुहोस्। त्यहाँ मात्र तपाईं सुरक्षित हुनुहुन्छ।

> **''साँघुरो ढोकाबाट भित्र पस; किनकि विनाशमा पर्‍याउने ढोका फराकिलो, र बाटोचाहिँ चौड़ा हुन्छ, अनि त्यसबाट भित्र पस्नेहरू धेरै हुन्छन्।''** **मत्ती ७:१३**

## आ – ढोकाको सामु

**(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)**

> **''ढोका म नै हुँ, कोही मबाट भित्र पस्यो भने उसले मुक्ति पाउनेछ, अनि भित्रबाहिर जानेछ र खर्क पाउनेछ।''** **यूहन्ना १०:९**

ढोका प्रभु येशू आफै हुनुहुन्छ। ढोकाभित्र पस्ने मानिस एक कदम अघि बढ़ेर भित्र पुगेको हुन्छ। भित्र पसेको हरेक मानिसले मुक्ति पाउँछ। ऊ सुरक्षित हुन्छ। उसले प्रभु येशूको पछि लागेर आत्मिक अगुवाइ र भोजन पाउँछ। खुशीसाथ ऊ जीवनको बाटोमा निशानातिर अघि बढ्छ। उसमा मुक्तिको पूरा निश्चयता छ; किनभने ऊ ढोकाबाट भित्र पसेको हुन्छ। अब हामीले आफूलाई इमानदारीसाथ यो प्रश्न सोध्नुपर्छ – 'के म ढोकाभित्र पसेको छु कि म अझ बाहिर छु?' तपाईं भित्र पस्नुभएको छैन भने एक कदम बढ़ाउनुहोस् र प्रभु येशूमाथि विश्वास गरेर ढोकाबाट भित्र पस्नुहोस्। अहिले नै यो निर्णय गर्नुहोस् भनी हामी तपाईंलाई विन्ती गर्छौं। त्यसपछि मात्र तपाईं खुशीसाथ अघि बढ्न सक्नुहुन्छ; किनभने तपाईंमा पनि मुक्तिको निश्चयता छ।

## इ– जीवनको बाटोमा

**(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)**

> **''किनभने जीवनमा पुर्‍याउने ढोका साँघुरो, र बाटोचाहिँ अप्ठ्यारो हुन्छ, अनि यो भेट्टाउने थोरै हुन्छन्।''** **मत्ती ७:१४**

जीवनमा पुर्‍याउने बाटोको ढोका साँघुरो छ। यस ढोकाको सामु एक–एकजना आउनैपर्छ र आफ्नो पापको भारी बिसाउनुपर्छ। प्रभु येशूको सामु आफ्ना पापहरू मानिलिएर तपाईं जीवनको बाटोमा प्रवेश गर्नुभयो भने तपाईंको हृदय हल्का भएको छ। तपाईंले आत्मामा विश्राम पाउनुभयो। यसरी नै नयाँ बाटो हिँड्न सजिलो हुन्छ; किनभने प्रभु येशू हाम्रो साथमा हुनुहुन्छ। हामी एकलै भएर जीवनको बाटोमा अघि बढ्न सक्दैनौं; नता मनमा पाप र अधर्म राखेर यस बाटोमा हिँड्न सक्छौं। यस्तो गर्नेले प्रभुको बाटोमा अवश्य ठक्कर

खानेछ। यसकारण बुद्धिमान हुनुहोस् र पहिले पापदेखि साँचो प्रकारले पश्चात्ताप गर्नुहोस्। नत्र ता ठक्कर खाएर तपाईं फेरि यही ठाउँमा आउनैपर्छ। किनभने परमेश्वरको वचनमा यस्तो लेखिएको छ –

> **''जो ज्ञानी छ, उसले यी कुराहरू बुझोस्; जो बुद्धिमान छ, उसले यी कुराहरू जानोस् ! किनभने परमप्रभुको बाटो ठीक छ। धर्मीजन त्यसमा हिँड्नेछन्, तर अपराधीहरू त्यसमा ठक्कर खाएर लोट्नेछन्।''** **होशे १४:९**
>
> *प्रभु येशूले भन्नुहुन्छः* **''बाटो, सत्य र जीवन म नै हुँ, मद्वारा बाहेक कोही पनि पिता परमेश्वरकहाँ पुग्दैन।''** **यूहन्ना १४:६**

जीवनको बाटो प्रभु येशू आफै हुनुहुन्छ। जसरी हामी प्रभु येशूमाथि विश्वास गरेर ढोकाभित्र पस्यौं, ठीक त्यसरी नै हामीले विश्वासको साथ प्रभु येशूलाई पछ्याउनुपर्छ। जबसम्म हामी परमेश्वर पिताकहाँ पुगेका छैनौं, तबसम्म यस बाटोमा लाग्नु हाम्रो कर्तव्य हो।

> **'तब प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो: ''कोही मेरो पछि आउने इच्छा गर्छ भने उसले आफूलाई इन्कार गरोस्, आफ्ना क्रूस उठाओस् र मेरो पछि लागोस्। किनभने जसले आफ्नो प्राण बचाउन चाहन्छ, त्यसले त्यो गुमाउनेछ, अनि जसले आफ्नो प्राण मेरा निम्ति गुमाउँछ, उसले त्यो पाउनेछ। किनकि मानिसले सारा संसारलाई प्राप्त गरे तापनि आफ्नो प्राणचाहिँ गुमायो भने त्यसलाई के लाभ भयो र? अथवा आफ्ना प्राणको बदलीमा मानिसले के देला?''' मत्ती १६:२४-२६**

के तपाईं प्रभु येशूको पछि लाग्न चाहनुहुन्छ? यो तपाईंले किन इच्छा गर्नुहुन्छ? जसले प्रभु येशूलाई पछ्याउँछ, उसले संसारका सारा थोकहरू पाउनको निम्ति होइन, तर आफ्नो प्राण बचाउनको निम्ति यो गर्छ। प्रभु येशूको चेलाले तीनओटा कुरा गर्नको निम्ति तयार हुनुपर्छ। पहिले उसले आफूलाई इन्कार गर्नुपर्छ। जसरी विरामीले निको हुनको निम्ति आफूलाई डाक्टरको हातमा सुम्पन्छ, त्यसरी नै एउटा पापी मानिसले मुक्ति पाउनका निम्ति आफूलाई प्रभु येशूको हातमा सुम्पनुपर्छ। उहाँ हाम्रो मुक्तिदाता मात्र होइन, तर हाम्रो जीवनको प्रभु हुन चाहनुहुन्छ। आफ्नो जीवन प्रभु येशूको हातमा सुम्पनुहोस्। तपाईंको जीवनको निम्ति यो परमेश्वरको इच्छा हो। त्यसपछि हामीले आफ्नो क्रूस उठाउनुपर्छ। यसको मतलब यो होइन कि हामीले काठको क्रूस बनाएर बोक्नुपर्छ वा क्रूसको माला लगाएर हामी ख्रीष्टियन हौं भन्ने कुरा देखाउनुपर्छ। होइन; जसले यस्तो विचार गर्छ, उसले क्रूसको अर्थ बुझेको छैन। जब प्रभु येशू क्रूसमा मर्नुभयो, तब उहाँले आफ्ना पापको लागि दुःख सहनुभएन, तर तपाईंका र मेरा पापहरूको दण्ड भोग्नुभयो। जब उहाँ क्रूसमा झुण्डिनुभयो, तब सबै मानिसहरूले उहाँलाई गिल्ला गरे। चुप लागेर प्रभु येशूले यी सबै खिसी सहनुभयो। यहाँबाट हामी क्रूसको मतलब बुझ्छौं – जसरी प्रभु येशूले हाम्रो निम्ति सबै कष्ट र गिल्ला सहनुभयो, त्यसरी नै हामीले पनि उहाँको नामको खातिर हाम्रो समाजबाट अनेकौं झूटो दोष र निन्दा सहनुपर्छ। यस्तो हो भने कसले यी दुःख सहन तयार छ? जसले क्रूसमा प्रकट भएको परमेश्वरको ठूलो प्रेम बुझेको छ, ऊ खुशीसाथ प्रभुको निम्ति सबै खराबी सहन्छ। अनि तेस्रो कुरा – प्रभु येशूको साँचो चेला प्रभुको पछि लाग्छ। उसले प्रभुको पछि लाग्न कहिल्यै छोड्दैन। उसको जीवनमा जे आइलागे पनि ऊ विश्वासमा अटल रहन्छ; किनभने उसले आफ्नो पूर्ण आशा प्रभुमा राखेको छ। संसारमा म परदेशी हुँ भन्ने सम्झेर ऊ प्रभु येशूको बाटो हेर्दै निशानातिर लम्कन्छ। ऊ मानिसहरूलाई होइन, कुनै झुण्ड वा सिद्धान्तलाई पनि होइन, तर जीवनभरि आफ्नो प्रेमी प्रभुलाई पछ्याउँछ। के तपाईंको इच्छा यस्तै छ?

**'तब प्रभु येशूले आफूमाथि विश्वास गर्नेहरूलाई भन्नुभयो – ''तिमीहरू मेरो वचनमा लागिरह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ। अनि तिमीहरूले सत्य को हो, सो जान्नेछौ; र सत्यताले तिमीहरूलाई स्वतन्त्र गराउनेछ।''' यूहन्ना ८:३१-३२**

प्रभु येशूको चेला हुनु हल्का कुरा होइन, यसको विषयमा हामीले गम्भीर सोच्नुपर्छ। उहाँलाई केही समय पछ्याउन र पछि खेदो आइपर्दाखेरि उहाँलाई छोड्न सकिँदैन। जसले प्रभु येशूको चेला हुन चाहन्छ, उसले जीवनभरिको लागि एउटा निर्णय गर्छ। जसरी विवाह हुँदा दुलहा र दुलहीको बीचमा एक जीवनको करार बाँधिन्छ, त्यसरी हामी पनि प्रभु येशूसँग बाँधिएका हुन्छौं। यसरी नै हामी निश्चय पापबाट पूरा मुक्त हुन्छौं र स्वतन्त्रतासाथ परमेश्वरको सेवा गर्न सक्छौं। यसैकारण प्रभु येशूको साँचो चेला बन्नलाई उहाँसँग यस्तो करार बाँध्न के तपाईं तयार हुनुहुन्छ?

## ई – जीवनको बाटोका पहिला कदमहरू

**(तल दिइएको मुख्य पदहरू कण्ठस्थ गर्नुहोस्।)**

**''अनि जतिले आनन्दसाथ उनको वचन ग्रहण गरे, उनीहरूले बप्तिस्मा लिए; अनि त्यही दिनमा प्रायः तीन हजार मानिस तिनीहरूमा थपिए। अनि उनीहरू प्रेरितहरूका शिक्षामा, सँगतिमा, रोटी भँचाइ र प्रार्थनाहरूमा दृढ़तापूर्वक लागिरहे।'' प्रेरित २:४१-४२**

पहिलाका चेलाहरूबाट हामीले सही तरिका सिकौं – उनीहरूको देखासिकी गरेर हामी पनि प्रभुको बाटोमा पहिला कदमहरू चालौं। उनीहरूले खुशीसाथ परमेश्वरको वचन ग्रहण गरे। प्रभु येशूमाथि विश्वास गर्नेहरू सबैले बप्तिस्मा लिए र यसरी नै तिनीहरूमा थपिए। प्रभुका चेलाहरू बाइबलको शिक्षा सिक्न कति इच्छुक थिए। उनीहरू आपसमा सँगति गर्थे। समाजले उनीहरूलाई हेला गरे पनि उनीहरूले एक-अर्काबाट सान्त्वना पाए। उनीहरू प्रभु येशूको मृत्युको सम्झना गर्ने गर्थे। उनीहरूले सबै कुरामा परमेश्वरमाथि भरोसा गर्न सिके र सँगै मिलेर प्रार्थनामा धेरै समय बिताउँथे। यसरी उनीहरू एक नयाँ समाज बने, जसलाई 'मण्डली' भनिन्छ। यस मण्डलीको सम्बन्धमा हामीले धेरै कुरा सिक्न बाँकी नै छ। यो कुरा हामी पछि अरू पाठहरूमा गर्नेछौं। अहिले हामी पहिलाका कदमहरूको बारेमा एक-दुई कुरा सिक्नेछौं।

### १ – हामीले वचन ग्रहण गर्नुपर्छ

**''अनि जतिले आनन्दसाथ उनको वचन ग्रहण गरे, उनीहरूले बप्तिस्मा लिए।'' प्रेरित २:४१**

**''अनि जतिले प्रभु येशूलाई ग्रहण गरे, उनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो, अर्थात् उनीहरूलाई जसले प्रभु येशूको नाममाथि विश्वास गर्छन्।'' यूहन्ना १:१२**

पहिलो कदम प्रभु येशूमाथि विश्वास गर्नु हो। हृदयले विश्वास गर्छ। यो कुरा मानिसका आँखाबाट लुकेको छ, तर यो कुरा परमेश्वरले देख्नुहुन्छ। कतिले विश्वास नगरीकन बप्तिस्मा लिन्छन् भने तिनीहरूले मानिसलाई ठग्न त सक्छन्, तर परमेश्वरलाई चाहिँ सक्दैनन्। उहाँले मुक्ति र अनन्त जीवन दिनुहुन्छ। उहाँले विश्वास गर्ने हरेकलाई परमेश्वरको सन्तान हुने हक दिनुहुन्छ। उहाँ हृदयभित्र साँचो विश्वास खोज्नुहुन्छ। हृदय तलाश गर्नुहुने परमेश्वरले तपाईंको मनमा के भेट्टाउनुहुन्छ? के तपाईंले प्रभु येशूलाई ग्रहण गर्नुभयो?

## २ – प्रभु येशूको नाममा बप्तिस्मा लिनुपर्छ

### क) बप्तिस्मा एक पवित्र विधि हो

**''अनि जतिले आनन्दसाथ उनको वचन ग्रहण गरे, उनीहरूले बप्तिस्मा लिए; अनि त्यही दिनमा प्रायः तीन हजार मानिस तिनीहरूमा थपिए।'' प्रेरित २:४१**

प्रभु येशूको चेला हुनलाई एउटा करार बाँध्नुपर्छ। जसरी विवाह हुँदा पवित्र विधिद्वारा दुलहा र दुलहीको बीचमा सम्बन्ध जोरिन्छ र यसरी नै पक्क ठहरिन्छ, त्यसरी नै ख्रीष्टको चेलाले आफ्नो प्रभुसँग बिप्तिस्माको पवित्र विधिद्वारा आफ्नो विश्वासको सम्बन्ध पक्क गर्छ। बप्तिस्मा भनेको मतलब पानीमा डुब्नु या डुबाउनु हो। बप्तिस्मा एक चिहानको आत्मिक चित्र हो। जसरी चिहानमा लाश गाड़िन्छ, त्यसरी नै बप्तिस्मामा पनि बप्तिस्मा लिने व्यक्तिको साक्षी यही हो – ''प्रभु येशूमाथि राखिएको विश्वासद्वारा म पापको लागि मरेको छु।'' यसकारणले बप्तिस्मा दिनेले प्रभु येशूको नाममा बप्तिस्मा लिने व्यक्तिलाई पानीमा एकक्षण जम्मै डुबाउँछ। जब बप्तिस्मा लिने व्यक्ति पानीबाट उठ्छ, तब उसले 'जसरी प्रभु येशू परमेश्वरको शक्तिद्वारा मरेकाहरूबाट बौरिउठ्नुभयो, त्यसरी नै म पनि अबउसो नयाँ जीवनको चालमा हिँड्नेछु' भन्ने गवाही दिन्छ। यस पवित्र विधिद्वारा पाप पखाल्ने र मुक्ति दिने काम हुँदैन; मुक्ति विधिद्वारा पाउने होइन, तर पापको क्षमा प्रभु येशूमा छ। तर जसले बप्तिस्मा लिन्छ, उसले परमेश्वरको सामु, मानिसहरूको अगाड़ि आफ्नो विश्वासको गवाही दिन्छ र यो गवाहीले गर्दा मण्डली अर्थात् चेलाहरूको समाजमा ग्रहण गरिन्छ। यसरी प्रभु येशूलाई विश्वासद्वारा ग्रहण गर्ने व्यक्तिले बप्तिस्मा लिएर प्रभु येशूको चेला बन्छ। अब बप्तिस्माको विषयमा केही बाइबलका पदहरू अध्ययन गरौं।

### ख ) प्रभु येशू आफैले बप्तिस्मा लिनुभयो

**''तब येशू गालीलबाट यर्दन नदीमा यूहन्नाकहाँ, उनीद्वारा बप्तिस्मा लिन आउनुभयो। तर यूहन्नाले यसो भन्दै उहाँलाई रोके – 'मलाई पो तपाईंद्वारा बप्तिस्मा लिन खाँचो छ, र तपाईं मकहाँ आउनुहुन्छ?' तब येशूले जवाफमा उनलाई भन्नुभयो – 'अहिले यस्तै हुन देऊ, किनभने यसरी नै सबै धार्मिकता पूरा गर्नु हामीलाई उचित छ।' तब उनले उहाँलाई अनुमति दिए। अनि बप्तिस्मा लिएर येशू तुरुन्तै पानीबाट माथि निस्कनुभयो। अनि हेर, आकाश खोलियो र उहाँले परमेश्वरको आत्मालाई ढुकुरझैं ओर्लंदै र आफूमाथि आउँदै गर्नुभएको देख्नुभयो। अनि हेर, स्वर्गबाट एउटा आवाज आयो, जसले भन्यो – 'यिनी मेरा प्रिय पुत्र हुन्, उनीसँग म अत्यन्तै खुशी छु।'''**

**मत्ती ३:१३–१७**

यस बप्तिस्माको सम्बन्धमा प्रभु येशू हाम्रो उदाहरण हुनुहुन्छ। उहाँ आफैले बप्तिस्मा लिनुभयो। कसैले उहाँलाई कर गर्नुपरेन। उहाँ आउनुभयो र बप्तिस्मा लिनुभयो। सधैं उहाँले परमेश्वर पितालाई खुशी पारेर उहाँको इच्छा पालन गर्नुभयो। जब प्रभु येशू बप्तिस्मा लिन आज्ञाकारी हुनुभयो, तब परमेश्वरले पवित्र आत्माद्वारा उहाँलाई गवाही दिनुभयो, साथै उहाँको विषयमा 'यिनी मेरा प्रिय पुत्र हुन्, यिनमा म एकदम खुशी छु' भन्दै मानिसहरूको सामु गवाही दिनुभयो। हाम्रो जीवनमा यो कुरा पनि सत्य छ – जब हामी मानिसहरूको अगाड़ि प्रभु येशूलाई स्वीकार गर्छौं, तब परमेश्वरको पवित्र आत्मा हामीमाथि रहनुहुन्छ भन्ने अनुभाव गर्छौं। प्रभु येशूले पनि हाम्रो जीवन–साक्षीमा गवाही दिनुहुन्छ।

### ग) प्रभु येशूले बप्तिस्मा दिने वा लिने आज्ञा दिनुभयो

**''*येशूले तिनीहरूलाई भन्नुभयो* – 'स्वर्ग र पृथ्वीको सारा अधिकार मलाई दिएको छ। यसकारण जाओ, र सबै जातिका मानिसहरूलाई चेला बनाओ; तिनीहरूलाई पिताको, पुत्रको र पवित्र आत्माको नाममा बप्तिस्मा देओ; मैले तिमीहरूलाई जे–जे आज्ञा गरेँ, तिनीहरूलाई ती सबै पालन गर्न सिकाओ; अनि हेर, म सधैंभरि, अँ, संसारको अन्तसम्म तिमीहरूको साथमा छु।''' मत्ती २८:१८–१९**

**''*अनि येशूले तिनीहरूलाई भन्नुभयो* – 'सारा संसारमा जाओ, र हरेक मानिसलाई सुसमाचार प्रचार गर। जसले विश्वास गर्छ र बप्तिस्मा लिन्छ, उसले मुक्ति पाउनेछ; तर जसले विश्वास गर्दैन, त्यो दोषी ठहरिनेछ।''' मर्कूस १६:१५–१६**

प्रभु येशूले सम्पूर्ण अधिकारसित आफ्ना चेलाहरूलाई सारा संसारमा सुसमाचार सुनाउने आदेश दिनुभयो। चेला बनाउने, बप्तिस्मा दिने र प्रभु येशूका सबै आज्ञाहरू सिकाउने काम उनीहरूलाई सुम्पिएको छ। मुक्तिको वचन सुन्नेले प्रभु येशूमाथि विश्वास गर्ने र बप्तिस्मा लिने आज्ञा पाएको छ। यो आज्ञा नमान्ने दोषी हुन्छ। तब के गरौँ त? के तपाईंले प्रभु येशूको आज्ञाअनुसार खुशीसाथ उहाँको नाममा बप्तिस्मा लिनुहुन्छ?

### घ) बप्तिस्मा लिनेलाई गरिएको प्रतिज्ञा

**''पापहरूको क्षमाका निम्ति पश्चात्ताप गर्नुहोस् र तपाईंहरू हरेकले येशू ख्रीष्टको नाममा बप्तिस्मा लिनुहोस्; अनि तपाईंहरूले पवित्र आत्माको दान पाउनुहुनेछ। किनकि प्रतिज्ञा तपाईंहरूका निम्ति र तपाईंहरूका सन्तानका निम्ति र टाढ़ामा रहेका सबैका निम्ति हो अर्थात् जतिलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुनेछ।'' प्रेरित २:३८**

जब हामीले परमेश्वरको आज्ञा पालन गर्छौं, तब हामीले उहाँको आशिष पाउनेछौं। साँचो गरी पापदेखि पश्चात्ताप गरेर प्रभु येशूमाथि विश्वास गर्नेले पापको क्षमा र पवित्र आत्मा दानको रूपमा पाउनेछ। यो परमेश्वरको प्रतिज्ञा हो। यी अमूल्य आशिषहरू पाउनको निम्ति परमेश्वरले तपाईंलाई सुसमाचारको वचनद्वारा बोलाउनुहुन्छ।

### ङ) कसले बप्तिस्मा लिन पाउँछ?

**''अनि फिलिपले आफ्नो मुख खोलेर पवित्रशास्त्रको यही खण्डबाट शुरु गरेर तिनलाई 'ख्रीष्ट' प्रचार गरे। अनि बाटोमा जाँदै गर्दा उनीहरू कुनै पानीनेर आइपुगे; अनि नपुंसकले भने – 'हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिस्मा लिन केले रोक्छ र?' अनि फिलिपले भने – 'तपाईंले सम्पूर्ण हृदयले विश्वास गर्नुहुन्छ भने तपाईंले लिन सक्नुहुन्छ।' तब तिनले जवाफमा भने – 'म विश्वास गर्छु, येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ।''' प्रेरित ८:३५–३७**

अन्तमा हामी तपाईंलाई एउटा प्रश्न गर्छौं – कसले बप्तिस्मा लिन सक्छ त? बाइबलले हामीलाई सफासँग यस प्रश्नको जवाफ दिन्छ। यदि तपाईंले सम्पूर्ण हृदयले प्रभु येशूमाथि विश्वास गर्नुहुन्छ भने तपाईंले बप्तिस्मा लिन सक्नुहुन्छ। यसो हो भने के तपाईं बप्तिस्मा लिन तयार हुनुहुन्छ?

## ३ – बप्तिस्मा लिएपछि प्रभुको मण्डलीमा थपिन्छ

**''अनि जतिले आनन्दसाथ उनको वचन ग्रहण गरे, उनीहरूले बप्तिस्मा लिए; अनि त्यही दिनमा प्रायः तीन हजार मानिस तिनीहरूमा थपिए। अनि दिनहुँ प्रभुले मुक्ति पाउनेहरूलाई मण्डलीमा थप्नुभयो।'' प्रेरित २:४१ र ४७**

जब कुनै मानिसले प्रभु येशूको नाममा बप्तिस्मा लिन्छ, तब ऊ एउटा नयाँ समाजमा थपिन्छ। प्रभु येशूले भन्नुभयो: 'म आफ्नो मण्डली स्थापित गर्नेछु, र नरकका ढोकाहरू यस मण्डलीमाथि विजयी हुनेछैनन्।' प्रभुको झुण्ड सानो भए पनि शैतानले यसलाई जित्न वा नाश गर्न पाउँदैन। किनभने प्रभु येशू आफै आत्मामा उनीहरूको बीचमा उपस्थित हुनुहुन्छ र आफ्ना चेलाहरूको रक्षा गर्नुहुन्छ। जसरी उहाँले अर्को ठाउँमा भन्नुभयो: 'जहाँ दुई वा तीनजना मेरो नाममा भेला हुन्छन्, त्यहाँ म तिनीहरूको बीचमा हुन्छु।'

## ४ – प्रभुको मण्डलीका कुनै नियमहरू

**''अनि जतिले आनन्दसाथ उनको वचन ग्रहण गरे, उनीहरूले बप्तिस्मा लिए; अनि त्यही दिनमा प्रायः तीन हजार मानिस तिनीहरूमा थपिए। अनि उनीहरू प्रेरितहरूका शिक्षामा, सँगतिमा, रोटी भँचाइ र प्रार्थनाहरूमा दृढ़तापूर्वक लागिरहे।'' प्रेरित २:४१-४२**

सारा संसारमा प्रभु येशूमाथि विश्वास गर्नेहरू छन्। उनीहरूले प्रभु येशूको नाममा स्थानीया मण्डलीहरूमा भेला हुन्छन् । उनीहरूको निम्ति मण्डली परमेश्वरको इच्छा सिक्ने र पालन गर्ने केन्द्र हो। परमेश्वरको वचन बाइबलबाट उनीहरूले प्रभु येशूमा कसरी एक परमेश्वरलाई मनपर्दो, ग्रहणयोग्य जीवन बिताउनुपर्छ, सो सिक्छन्। पहिलो मण्डलीमा बाइबलको शिक्षा, संगति, प्रभुभोज र प्रार्थना मुख्य बुँदा थिए। हामी यी बुँदा एक-एक छोटकरी हेर्नेछौं।

### अ) बाइबलको शिक्षा

**''तर तिमी यी कुराहरू कसबाट सिकेका छौ, सो जानेर आफूले सिकेका र निश्चय भएका कुराहरूमा लागिबस; अनि तिमीले बालककालदेखि नै पवित्र शास्त्रहरू जानेका छौ; जसले तिमीलाई ख्रीष्ट येशूमा राखिएको विश्वासद्वारा मुक्तिको निम्ति बुद्धिमान् तुल्याउन सक्छन्। सबै पवित्र शास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो र शिक्षा दिनको निम्ति, भूलदोष देखाउनको निम्ति, सुधार गर्नको निम्ति, धार्मिकताको विषयमा तालिम दिनको निम्ति लाभदायक हुन्छ; जसद्वारा परमेश्वरको जन हरेक असल कामको निम्ति पूरा रूपले तयार भएर सिद्ध हुन्छ।'' २ तिमोथी ३:१४-१७**

प्रभु येशूमाथि भर्खर हामीले विश्वास गरेका छौं भने हामी आत्मिक दृष्टिले बालकजस्ता छौं र धेरै कुरा बुझ्दैनौं। यसैले विश्वास र ज्ञानमा बढ्नको निम्ति हामीलाई उचित शिक्षाको खाँचो छ। यो शिक्षा हामीले पवित्रशास्त्र बाइबलबाट पाउँछौं। जब दिनदिनै हामीले बाइबल लगातर ध्यानपूर्वक पढ्छौं भने हामी परमेश्वरको शिक्षा बुझ्नेछौं। मण्डलीमा पनि हामीले एक अर्कोबाट सिक्न पाउँछौं। प्रभु येशूले मण्डलीमा प्रचारक र शिक्षकहरू दिनुभयो, जसले हामीलाई बाइबल शिक्षाको अर्थ बुझाउँछन्। यसकारण चाहे मण्डलीमा होस्, चाहे व्यक्तिगत तवरले होस् – हामीले बाइबलको शिक्षामा परिपक्व हुनुपर्छ।

## आ) चेलाहरूको सँगति

**''म तिमीहरूलाई एउटा नयाँ आज्ञा दिन्छु – एक अर्कालाई प्रेम गर; जसरी मैले तिमीहरूलाई प्रेम गरेको छु, त्यसरी नै एक अर्कालाई प्रेम गर। तिमीहरूको आपसमा प्रेम छ भने यसैबाट सबैले तिमीहरू मेरा चेला रहेछौ भनी थाह पाउनेछन्।'' यूहन्ना १३:३४-३५**

कति कुरा हामी पढ़ेर र सुनेर सिक्छौं। तर यसभन्दा धेरै कुराहरू हामीले देखेर अरूको देखासिकी गरेर सिक्छौं। एकलै रहेर हामी आत्मिक रूपले कमजोर हुन्छौं। एउटा दाउराले आगो बल्दैन भन्ने कुरा हामीले याद गर्नुपर्छ। प्रभुको आज्ञा पालन गर्न र उहाँको महिमा गर्नको निम्ति हामीलाई एक अर्काको खाँचो छ। यस दुष्ट संसारमा, जहाँ मानिसहरूले परमेश्वरको निन्दा गर्छन् र प्रभु येशूका चेलाहरूको विरोधमा अनेकौं झूटा दोष लगाउँछन्, हामीलाई एक अर्काको झन् बढ्ता गरी खाँचो पर्छ। प्रभुले आफ्नो प्रशस्त आशिष त्यहाँ पठाउनुहुन्छ, जहाँ चेलाहरू एकै मन भएर मिलापमा बस्छन् र आपसमा प्रेमिलो सँगति गर्छन्।

## इ) प्रभुभोज

**''अनि हप्ताको पहिलो दिनमा जब चेलाहरू रोटी भाँच्नको निम्ति भेला भए, तब पावलले उनीहरूलाई वचन सुनाए।'' प्रेरित २०:७**

प्रभु येशूको मण्डली हप्ताको पहिलो दिन अर्थात् आइतबारको दिन भेला हुन्छ। त्यस दिनमा प्रभु येशू मरेकाहरूबाट बौरिउठ्नुभयो; यसैले चेलाहरूले त्यही दिनमा प्रभुको सम्झना गर्नको निम्ति रोटी भाँच्छन् अर्थात् प्रभुभोज मनाउँछन्। यो पवित्र भोज पेट भर्नको निम्ति होइन, तर प्रभु येशूको मृत्युको सम्झना गर्नको निम्ति मनाइन्छ। यो प्रभुभोज मण्डलीमा खाइन्छ र बप्तिस्मा लिएकाहरूले मात्र भाग लिन्छन्। सबैले एउटा रोटीबाट खान्छन् र एउटै कचौराबाट पिउँछन्। रोटीले प्रभु येशूको शरीरलाई संकेत गर्छ, जो हाम्रो लागि भाँचिएको थियो। कचौरामा दाखरसले प्रभु येशूको रगतलाई संकेत गर्छ, जो हाम्रा पापको लागि बहाइएको थियो। जसले यस पवित्र भोजमा भाग लिन्छ, उसले प्रभुको मृत्युको घोषणा गर्छ। यसकारण आफूलाई जाँचेर र परमेश्वरसँग सम्बन्ध ठीक पारेर मात्र प्रभुभोज लिन उचित छ।

## ई) प्रार्थना

**''कुनै कुराको चिन्ता नगर, तर हरेक कुरामा प्रार्थना र विन्तीद्वारा धन्यवादसाथ तिमीहरूका माग परमेश्वरकहाँ जाहेर होऊन्; र परमेश्वरको शान्ति, जसले सारा समझ माथ गर्छ, तिमीहरूका हृदय र विचार ख्रीष्ट येशूमा रक्षा गर्नेछ।'' फिलिप्पी ४:६-७**

प्रार्थना कति महत्वपूर्ण कुरा हो, सो हामीले आफ्नो जीवनमा सिक्नुपरेको छ। माछा पानीविना मर्छ भने मान्छे सास नपाई बाँच्दैन भने प्रार्थना नगर्ने चेला पनि शैतानको सिकार बन्छ र पापसित हार्छ। व्यक्तिगत जीवनमा हामीले दैनिक प्रार्थना गर्ने समय राख्नुपर्छ। परिवारमा र मण्डलीमा हामीले सँगै मिलेर प्रार्थना गर्न सिक्नुपर्छ। परमेश्वरका धेरै आशिषहरू प्रार्थनाद्वारा मात्र पाइन्छन्। प्रार्थना गर्ने मानिस परमेश्वरलाई नजिकबाट चिन्छ र परमेश्वरमाथि साँचो गरी भरोसा गर्छ। उसले यसको फल अवश्य पाउनेछ।

**प्रार्थना: 'हे परमेश्वर पिता, आज मैले जीवनको बाटोलाई चिनेको छु। विश्वाससाथ म यस बाटोमा प्रवेश गर्छु र तपाईंको सामु र मानिसहरूको अगाड़ि बप्तिस्माद्वारा प्रभु येशूसँग करार बाँध्न चाहन्छु। अरू चेलाहरूसँग मिलेर तपाईंको बाटोमा अघि बढ्नमा मलाई सहायता दिनुहोस्। धन्यवाद। आमेन।'**

# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम - उत्तर पृष्ठ

**तपाईंको पूरा ठेगानाः** (अंग्रेजीमा लेखे पनि हुन्छ)

श्री/सुश्री/श्रीमति ..............................................................................

गा॰वि॰स॰/ग्रा॰पं॰: .............................................. वार्ड नं॰: .......................

हुलाक/पो॰ आ॰ : .................................. जिल्ला: ...........................................

अञ्चल/प्रदेश: ............................................. देश: ......................................

**रजिष्टर नं॰: .........................**

# पाठ ३

## ख्रीष्टमा नयाँ जीवन कस्तो छ?

### क - नयाँ जीवन एउटा बाटो हो

**१) मत्ती ७:१३-१४** अनुसार आत्मिक दृष्टिमा दुईटा बाटाहरू मात्र छन्।

**क) ती बाटाहरू के-के हुन्? अ) ................................................................**

**आ) ...........................................................**

**ख) विनाशको बाटो कस्तो छ? ..................................................................**

**ग) जीवनको बाटो कस्तो छ? .....................................................................**

**घ) परमेश्वरको आज्ञा के हो? ....................................................................**

### अ - विनाशको बाटोमा

**१) हितोपदेश १४:१२ - क) विनाशको बाटोले हामीलाई कहाँ पुऱ्याउँछ? ..........................**

**र मत्ती ७:१३ - ख) यस बाटोमा कति हिँड्छन्? ...............................................**

**ग) यो बाटो उनीहरूलाई कस्तो लाग्छ? .........................**

## आ - ढोकाको सामु

१) यूहन्ना १०:९ - क) जीवनको बाटोको ढोका को हो? ...............................................

ख) कसले मुक्ति पाउनेछ? ...............................................................

ग) के तपाईं ढोकाभित्र पस्नुभयो? ..........................................................................

## इ - जीवनको बाटोमा

१) मत्ती ७:१३ - क) प्रभु येशूले हामीलाई कहाँ पुर्‍याउनुहुन्छ? ........................................

ख) जीवनको बाटोमा कति हिँड्छन्? ................................................

ग) यो बाटो कस्तो छ? ..................................................

२) होशे १४:९ - क) प्रभुको मार्ग कस्तो छ? ...................................................................

ख) अपराधीले परमेश्वरको बाटोमा हिँड्न खोज्दा के हुन्छ? ..........................................

..........................................................................................................................

३) मत्ती १६:२४-२६ - क) प्रभु येशूको पछि लाग्न चाहने व्यक्तिले के के गर्नुपर्छ?

अ) ................................................................................................

आ) ...............................................................................................

इ) .................................................................................................

ख) आफ्नो प्राण बचाउन खोज्नेले के गुमाउँछ? ..........................................................

ग) आफ्नो प्राण प्रभु येशूलाई दिनेले के पाउनेछ? ........................................................

घ) सारा संसारको भन्दा कुन चीज अमूल्य हुन्छ? ..........................................................

ङ) कहिले हामीलाई लाभ हुँदैन? ................................................................................

४) यूहन्ना ८:३२ - प्रभु येशूको साँचो चेलाले के गर्छ? ...................................................

५) क) यस्तो गर्ने चेलाले के जान्नेछ? .........................................................................

ख) सत्यता जान्नुमा के फाइदा छ? ............................................................................

## ई - जीवनको बाटोका पहिला कदमहरू

१) प्रेरित २:४१-४२ - परमेश्वरको बाटोका पहिला कदमहरू के के हुन्?

क) ...........................................................................................................

ख) ..........................................................................................................

ग) ...........................................................................................................

घ) .........................................................................................................

## १ - हामीले वचन ग्रहण गर्नुपर्छ

यूहन्ना १:१२ अनुसार प्रभुलाई कसरी ग्रहण गर्नुपर्छ? ..........................................

## २ - प्रभु येशूको नाममा बप्तिस्मा लिनुपर्छ

मर्कूस १६:१६ पद पढ्नुहोस्। प्रभुको वचनअनुसार मुक्ति कसले पाउँछ, सो लेख्नुहोस्।

...........................................................................................

क) प्रेरित २:४१ - कसले बप्तिस्मा लिए? ..........................................................

ख) मत्ती ३:१५ - प्रभु येशू किन बप्तिस्मा लिनुभयो? ...............................................

...........................................................................................

ग) १) मत्ती २८:१८-१९ - क) प्रभु येशूलाई कति अधिकार दिइएको छ? ..................

...........................................................................................

ख) यसैले उहाँले आफ्ना चेलाहरूलाई के के आज्ञा दिनुभएको छ?

अ) ..........................................................................................

आ) .........................................................................................

इ) ..........................................................................................

२) मर्कूस १६:१५-१६ - क) आफ्ना चेलाहरूको लागि प्रभुको आज्ञा के हो?

अ) .........................................................................

आ) ..........................................................................

ख) सुसमाचार सुन्नेहरूको लागि प्रभुको आज्ञा के हो? (१६ पद)

अ) ..........................................................................

आ) ..........................................................................

घ) प्रेरित २:३८ - क) पश्चात्ताप गर्नेले के पाउनेछ? ..............................................

ख) प्रभु येशूमाथि विश्वास गरेर उहाँको नाममा बप्तिस्मा लिनेले के पाउनेछ?

...........................................................................................

ग) यो प्रतिज्ञा कसको लागि हो ? ..........................................................

ङ) प्रेरित ८:३६ - क) कसले बप्तिस्मा लिन पाउँछ? ..............................................

ख) नपुंसकले के विश्वास गरेका थिए? ..................................................

## ३ - बप्तिस्मा लिएपछि प्रभुको मण्डलीमा थपिन्छ

प्रेरित २:४१ - बप्तिस्मा लिएकाहरू कुन झुण्डमा थपिए?.............................................

## ४ - प्रभुको मण्डलीका कुनै नियमहरू

प्रेरित २:४२ - प्रभु येशूको झुण्डको चारओटा नियम लेख्नुहोस्, जसमा विश्वासीहरू लागिरहनुपर्दछ।

अ) ..........................................................................

आ) ..........................................................................

इ) ..........................................................................

ई) ..........................................................................

## अ) बाइबलको शिक्षा

२ तिमोथी ३:१४-१७ - क) परमेश्वरको वचन पवित्र बाइबलमा ध्यान दिने हो भने यसले हामीलाई के गर्न सक्छ? .................................................

ख) कसले पवित्र शास्त्र बाइबल लेख्ने प्रेरणा दियो? ..............................................

ग) परमेश्वरको वचनले के के गर्न उपयोगी हुन्छ?

अ) ..............................................................................

आ) ..............................................................................

इ) ..............................................................................

ई) ..............................................................................

घ) १७ पदअनुसार परमेश्वरको जन वचनद्वारा केको निम्ति तयार गरिन्छ?

......................................................................................................

**आ)** यूहन्ना १३:३५ - प्रभुको आज्ञा पूरा गर्नलाई हामीले के गर्नुपर्छ? ...............................

......................................................................................................

**इ)** प्रेरित २०:७ मण्डली कहिले भेला भएर रोटी भाँचेर प्रभु येशूको मृत्युको स्मरण गर्थे?

......................................................................................................

**ई)** फिलिप्पी ४:६-७ - क) हाम्रो हृदय र हाम्रो विचार परमेश्वरको इच्छामा कसरी रहन्छ?

अ) ...........................................

आ) ......................................................................................................

ख) प्रार्थना गर्ने मानिसले केकस्तो अनुभाव गर्छ? (७ पद) .........................................

......................................................................................................